## पाठ ५६

१. दृष्टान्त के हो ?
- दष्टान्त त्यस्तो कथा हो जसले परमेश्वरको सत्यलाई बताउँछ ।

२. येशूले किन मानिसहरूलई दृष्टान्तमा शिक्षा दिन थाल्नुभयो ?
- यद्यपि धेरै मानिसहरूले येशूलाई पछ्याउँथे तर तिनीहरूमध्ये धेरैले उहाँलाई विश्वास गर्दैनथे ।

३. दृष्टान्तमा बीउ के हो ?
- बीउ परमेश्वरको वचन हो ।

४. बीउ रोप्ने को हो ?
- परमेश्वरको वचन सिकउनेचाहिँ बीउ रोप्ने हो ।

५.को मानिसहरू त्यही साह्रो बाटोजस्ता हुन् ?
- जसको हृदय कडा छ ।
- परमेश्वरको वचन तिनीहरूको हृदयमा रोप्नै पाउँदैन ।
- त्यसपछि शैतान आउँछ र तिनीहरूबाट परमेश्वरको वचन खोसेर लैजान्छ ।

६. कस्ता मानिसहरू यस्तै ढुङ्गेनी जमिनजस्ता हुन्छन् ?
- माथि यी मानिसहरू भन्छन् तिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर तल भने तिनीहरूमा विश्वास हुँदैन ।

७.कस्ता मानिसहरू यस्तै काँडे ठाउँजस्तै हुन् ?
- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर तिनीहरूका इच्छाहरू परमेश्वरभन्दा धेरै महत्वपूर्ण ठान्छन् ।

८. कस्ता मानिसहरू असल माटोजस्तै हुन् ?
- यी मानिसहरू परमेश्वरको वचन सुन्छन् यसलाई पूर्णरूपले सुन्छन् र अझ धेरै फल फलाउँछन् ।

- येशूले साँझन नपर्दासम्म सिकाइरहनुभयो ।

- त्यसपछि येशू र उहाँका चेलाहरू गालील समुद्र तर्नको लागि एउटा डुङ्गामा चढ्नुभयो ।

आउनुस् मर्कूस ४:३५-३७ पद पढौं ।

[35]त्यसदिन साँझमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “हामी समूद्र पारि जाऔँ।” [36]येशू र चेलाहरूले मानिसहरूलाई त्यहीं छोडे। उनीहरू सबै येशू पहिले चढिरहनू भएको डुङ्गाद्वारा गए। उनीहरूसँग अरू डुङ्गाहरू पनि थिए। [37]समुद्रमा त्यस बेला डरलाग्दो आँधी चल्यो। समूद्रका छालहरूले डुङ्गाको छेऊमा हान्यो, अनि डुङ्गामा पानी पस्न लाग्यो, डुङ्गा प्राय पानीले भरिन लाग्यो।

- उहाँरूले समुद्र तरिरहुनुहुँदा के भयो ?
- एउटा डरलाग्दो आँधी आयो ।

- आँधी तिव्र गतिमा आइरहेको थियो र छालहरू यति शक्तिशाली थिए कि डुङ्गा डुब्ने खतरा थियो ।

- येशू कहाँ हुनुहुन्थ्यो ।

आउनुस् मर्कूस ४:३८ पद पढौं ।

[38]येशू डुङ्गाको पछिल्लो पट्टि हुनुहुन्थ्यो सिरानीमा टाउको राखेर उहाँ निदाइरहनु भएको थियो। चेलाहरू गएर उहाँलाई बिउँझाए। तिनीहरूले भने, “हे गुरूज्यू, हामीहरू डुब्दैछौं। के तपाईं हाम्रो वास्ता गर्नुहुन्न?”

- येशू किन सुतिरहनुभएको थियो ?

- किनभने येशूले दिनभरि भीडलाई शिक्षा दिनुभएको थियो त्यसैले उहाँ थकित हुनुभएको थियो ।

- येशू किन थाक्नुभयो ?

- यद्यपि येशू पूर्ण रूपले परमेश्वर हुनुहुन्थ्यो तर उहाँ पूर्ण रूपले मानव पनि हुनुहुन्थ्यो ।

- किनभने डुङ्गा डुब्ने खतरा भयो त्यसैले चेलाहरूले के गरे ?

आउनुस् मर्कूस ४:३८ख पद पढौ ।

चेलाहरू गएर उहाँलाई बिउँझाए। तिनीहरूले भने, “हे गुरूज्यू, हामीहरू डुब्दैछौं। के तपाईं हाम्रो वास्ता गर्नुहुन्न?”

- चेलाहरूले येशूलाई ब्यूँझाए ।

- चेलाहरूले येशूलाई के भने ?

- के तपाईंलाई हामी डुबे पनि मतलब छैन भने ।

- के येशूले वास्ता गर्नुहुँदैनथ्यो ?
- येशूले धैरै वास्ता गर्नुहुन्थ्यो ।

- येशूले के गर्नुभयो ?

आउनुस् मर्कूस ४:३९ पद पढौं ।

39 तब येशू जुरूक्क उठ्नुभयो अनि त्यो आँधीलाई हकार्नुभयो। येशूले समूद्रलाई भन्नू भयो, “चूपचाप बस! शान्त हो!” अनि तत्कालै आँधी थामियो अनि ताल शान्त बन्यो।

- येशूले के गर्नुभयो ?
- येशूले बतास र समुद्रलाई शान्त हुन हप्काउनुभयो ।

- त्यसपछि के भयो ?
- त्यसपछि बतास थामियो र समुद्र बिल्कुल शान्त भयो ।

- येशू कसरी बतास र समुद्रलाई शान्त रहन आदेश दिन सक्षम हुनुभयो ?
- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो ।

- आदिमा बतासलाई कसले सृष्टि गऱ्यो ?
- येशूले ।

- आदिमा कसले समुद्र सृष्टि गऱ्यो ।
- येशूले

- बतास र समुद्रले येशूले भन्नुभएको कुरा किन माने ?
- किनभने बतास र समुद्रलाई सृष्टि गर्ने येशू नै हुनुहुन्थ्यो ।

- बतास र समुद्र शान्त भइसकेपछि येशूले के भन्नुभयो ।

आउनुस् मर्कूस ४:४० पद पढौं ।

[40] येशूले चेलाहरूलाई भन्नूभयो, "तिमीहरू किन यस्तो कायर? तिमीहरूमा अझपनि विश्वास छैन?"

- येशूले तिनीहरूमा किन विश्वास छैन भनेर सोध्नुभयो ?

- चेलाहरूले त्यसपछि के जवाफ दिए ?

आउनुस् मर्कूस ४:४१ पद पढौं ।

[41] चेलाहरू खुबै डराए अनि एक-अर्कासित बहस गर्न लागे, "उहाँ कस्तो प्रकारको मानिस हुनुहुन्छ? यतिसम्म कि आँधी र छालहरूले पनि उहाँको आज्ञा मान्दछ।"

- यद्यपि चेलाहरूले येशूले मानिसहरूलाई निको पारेको देखेका थिए तर तिनीहरूले येशूले बतास र समुद्रलाई हप्काएको कहिल्यै देखेका थिएनन् ।

- यद्यपि चेलाहरूले येशूले मानिसहरूलबाट भूतहरूलाई भाग्ने आदेश दिएको देखेका थिए तर तिनीहरूले येशुले समुद्रको छाललाई शान्त रहने आदेश दिएको कहिल्यै देखेक थिएनन् ।

- येशूले गर्न नसक्ने कुरा केही पनि छैन ।
- येशू परमेश्वर हुनुहुन्छ ।

- पछि येशू र उहाँका चेलाहरू समुद्रको अर्को किनारमा आइपुग्नुभयो ।

आउनुस् मर्कूस ५:१-४ पद पढौं ।

येशू र उहाँका चेलाहरू समूद्रको अर्को किनारतिर भएका गिरासिन मानिसहरूकहाँ जानूभयो। [2] जब येशू डुङ्गाबाट बाहिरिनु हुँदै थियो त्यसैबेला चिनहानबाट दुष्ट आत्मा लागेको एउटा मानिस उहाँलाई भेट्न आयो। [3] त्यो मानिस चिहानहरूमा बस्ने गर्दथ्यो। त्यसलाई कसैले अधीन गर्न सकेनन्, यतिसम्म कि साङ्गलोले बाँधेर पनि। [4] धेरैपल्ट मानिसहरूले त्यसको हात र खुट्टाहरू साङ्गलोले बाँधेर राख्ने चेष्टा गरे। तर त्यसले आफ्ना हात र खुट्टामा बाँधेका साङ्गलाहरू चुँडाईदिन्थ्यो। त्यसलाई वशमा राख्न कसैको शक्ति थिएन।

- के भूत लागेको मानिसले भूतहरूको शक्तिबाट आफूलाई बचाउन सक्षम थियो ?
- थिएन ।

- के अरू मानिसरहू भूतहरूको शक्तिबाट त्यस मानिसलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

- अरू मानिसहरू उसलाई उठाउन कोशिस गर्दैथिए ।

- तर भूतहरू यति शक्तिशाली थिए कि तिनीहरूले त्यस मानिसलाई बाँध्ने गरेक फलामे साङ्ग्लाहरू चुँडालिदिए ।

आउनुस् मर्कूस ५:५ पद पढौं ।

[5] रातदिन चिहानको वरिपरि र पहाडतिर त्यो मानिस डुलिरहन्थ्यो। त्यो चिच्याएर रून्थ्यो, अनि आफैंले आफैंलाई ढुङ्गाले काट्दै हिँड्थ्यो।

- भूतहरूले हामी मानिसहरूलाई घृणा गर्छन् भन्ने कुरा हामीलाई कसरी थाहा छ ?
- किनभने भूतहरूले मानिसलाई ती गुफामा बस्न बाध्य पार्छन् जहाँ मरेको मानिसलाई गाडिन्छ ।
- किनभने भूतहरूले मानिसलाई आफैले आफूलाई काट्न बाध्य पार्छन् ।

- भूतहरूले मानिसहरूलाई तिनीहरूका दास बनाएका थिए ।
- भूतहरू त्यस मानिसले आफूले आफैलाई मारोस् भनी चाहन्थे ।

- किनभने त्यस मानिसमा धेरै भूतहरू थिए तिनीहरूले त्यसलाई धेरै चोट पुर्याइरहेका थिए ।

- यद्यपि सबै मानिसहरू यस्तै मानिसजसरी जन्मिन्छन किनभने हामी सबै जना भूतको दासका रूपमा जन्मिएका छौं ।

- यी सबै भूतहरूको मालिक को हो ?
- शैतान ।

- शैतान र उसका सहयोगीहरू हामी सबैलाई घृणा गर्छन् ।
- शैतान र उसक सहयोगीहरू केवल हामी सबैलाई खत्तम पार्न चाहन्छन् ।

- तपाईंलाई नियन्त्रणमा लिएको आत्माले तपाईंलाई सहयोग गरेजस्तो पनि देखिएला ।

- तर तिनीहरूले तपाईंलाई केवल ध्वस्त पारिरहेका हुन्छन् ।

- शैतान र उसका सहयोगीहरूको जीवनको उद्देश्य केवल एक हुन्छ ।
- यही कि तिनीहरू जति सकिन्छ त्यति धैरै मानिसहरूलाई सिध्याउन चाहन्छन् ।

- शैतान र यसका सहयोगीहरूले तपाईंले परमेश्वर र उहाँले दिनुहुने शक्तिमा विश्वास गरेको चाहदैनन् ।

- त्यस मानिसले येशूलाई देखेपछि के भयो ?

आउनुस् मर्कूस ५:६-७ पद पढौं ।

6 जब येशू टाढामा हुनुहुन्थयो, त्यो मानिसले उहाँलाई देख्यो, त्यो येशूकहाँ दगुरेर आयो अनि
उहाँका अघि निहुरियो। 7-8 येशूले त्यस मानिसलाई भन्नुभयो, "ए दुष्टात्मा, यस मानिसबाट निस्की
आइज।" अनि त्यो मानिस तिखो स्वरले चिच्यायो, "मबाट तपाईले के चाहनुहुन्छ, येशू, सर्वोच्च
परमेश्वरका पुत्र? म परमेश्वरमा शपथ हालेर तपाँईलाई बिन्ती गर्दछु मलाई सजाय नदिनुहोस्?"

- के भूतलाई येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भन्ने थाहा थियो ?
- थाहा थियो ।

- भूतको डर के थियो ?

- येशूले अनन्त अग्निको दहमा फ्याँकिदिनुहोला कि भनी तिनीहरू डराएका थिए ।

- कोचाहिँ शैतान र त्यसका सहयोगीहरू भन्दा शक्तिशाली हुनुहुन्छ ?
- परमेश्वर ।

- परमेश्वर शैतान र उसका सहयोगीहरूले उहाँले जहिले चाहनुहुन्छ तहिले अनन्त अग्निको दहमा फ्याँकिदिन सक्नुहुन्छ ।

- येशूले भूतहरूलाई के भन्नुभयो ?

आउनुस् मर्कूस ५:८-१० पद पढौं ।

[9] त्यसपछि येशूले त्यस मानिसलाई सोध्नु भयो, “तेरो नाम के हो?” त्यसले उत्तर दियो, “मेरो नाऊँ फौज हो, किनभने हामीहरू धेरै छौं।” [10] ती दुष्टआत्माहरूले येशूलाई घरि घरि त्यस इलाकाबाट बाहिर निकाला नगरियोस् भनि विन्ती गरे।

- के भूतहरूलाई तिनीहरू येशूलाई पराजित गर्न सक्षम छैनन् भन्ने थाहा थियो ?
- थाहा थियो ।
- येशूसँग शैतान र उसका सहयोगीहरूमाथि सबै शक्ति छ ।

- अन्तमा येशूले शैतान र यसका सहयोगीहरू सबैलाई अनन्त अग्निको दहमा पठाउँनुहुनेछ ।

- जसलाई परमेश्वरले अनन्त अग्निको दहमा पठाउनुहुनेछ उसलाई हामीले किन पूज्ने ?

- आत्मालाई पूज्नुभन्दा त परमेश्वरलाई पूज्नु उत्तम कुरा हो ।

- त्यसपछि येशूले के गर्नुभयो ?

आउनुस् मर्कूस ५:११-१४ पद पढौं ।

[11] त्यहाँ नजिकैको एउटा पहाडमा धेरै सुँगुरहरूको बथान चरिरहेका थिए। [12] दुष्टात्माहरूले येशूलाई
बिन्ती गर्नलागे, “हामीलाई सुँगुरहरू भएको ठाऊँमा पठाईदिनुहोस्। हामीलाई तिनीहरू भित्र जान
दिनुहोस्।” [13] अनि येशूले तिनीहरूलाई त्यसै गर्न दिनुभयो। ती दुष्टात्मा मानिसलाई छोडेर
सुँगुरहरूमा पसे। त्यसपछि ती सुँगुरहरू भिरालो पहाड़ अनि समुद्र तिर हुर्रिन लागे। सबै सुँगुरहरू
डुबे, त्यो बगालमा प्राय 2,000 वटा सुँगुरहरू थिए। [14] सुँगुर चराऊनेहरू पनि भागिगए। तिनीहरू शहर
र बस्ती तिर गए, तिनीहरूले भएका सबै घट्नाहरू मानिसहरूलाई सुनाए तब मानिसहरू घट्ना हेर्न
आए।

- किनभने भूतले येशूसँग बिन्ती गरेको हुनाले उहाँले तिनीहरूलाई सँगुरमा पस्ने अनुमति दिनुभयो ।

- जबकि सबै सुँगुर मरे तर के भूतहरू मरे ?
- मरेनन् ।

- जबकि सबै सुँगुरहरू मरे किन भूतहरू भने मरेनन् ?

- किनभने भूतहरू आत्मा हुन् ।
- किनभने भूतहरूको मानिस वा जनावरहरूको जस्तो शरीर हुँदैन ।

- येशूले किन भूतहरूलाई अनन्त अग्निको दहमा फ्याँक्नुभएन ?

- किनभने यो भूतहरूलाई सजाय दिने परमेश्वरको समय थिएन ।

- अन्तमा यद्यपि येशूले शैतान र उसका सहयोगीहरूलाई अनन्त अग्निको दहमा फ्याँक्नुहुनेछ ।

- जब त्यस ठाउँमा बस्ने मानिसहरू त्यहाँ आए तब तिनीहरूले के देखे ?

आउनुस् मर्कूस ५:१५ पद पढौं ।

15 मानिसहरू येशूकहाँ आए, तिनीहरूले दुष्टात्मा लागेका मानिसलाई त्यहाँ देखे, त्यस मानिसले लुगाफाटा पहिरिएको थियो, अनि त्यसको मानसिक अवस्था ठीकै थियो। सबै मानिसहरू भयभीत थीए।

- के त्यो भूत लागेको मानिस अझै भूतहरूको दास थियो ?
- थिएन ।

- कसले त्यस मानिसलाई भूतहरूको दासत्वबाट मुक्त पार्‍यो ?
- येशूले ।

- त्यो मानिस अब भूतहरूको दास थिएन ।
- त्यो मानिस अब उद्धारकर्ता प्रभु येशूबाट मुक्त पारिएको थियो ।

- त्यस ठाउँमा बस्ने मानिसहरूले के गरे ?

आउनुस् मर्कूस ५:१६-१७ पद पढौं ।

16 केही मानिसहरू त्यहाँ थिए जसले येशूले गर्नु भएका कुराहरू देखेका थिए। ती मानिसहरूले अरू मानिसहरूलाई दुष्टात्माले भेट्टाएको त्यस मानिसलाई के भएको थियो त्यो वर्णन गरे। तिनीहरूले
संुगुरहरूको बारेमा पनि सुनाए। 17 अनि मानिसहरूले बिन्ती गर्दै येशूलाई त्यहाँबाट तुरुन्ते जानुहोस् भने।

- मानिसहरूले येशूलाई किन त्यस ठाउँलाई छोडेर गइहाल्न भने ?
- किनभने तिनीहरू मूर्ख थिए ।
- किनभने मानिसहरूले परमेश्वरको भन्दा धेरै फिक्री सुँगुरहरूको गरेका थिए ।

- उद्धारकर्ता प्रभु येशू तिनीहरूलाई शैतानको दासत्वबाट मुक्त गर्न आउनुभएको थियो तर तिनीहरू भने केवल सुँगुरहरूको बारेमा सोचिरहेका थिए ।

- आज धेरै मानिसहरू यी मानिसहरूजस्तै छन् ।

- मानिसहरू येशूको भन्दा तिनका सुँगुरहरूको धेरै फिक्री गर्छन् ।
- मानिसहरू येशूको भन्दा तिनका सम्पत्तिको धेरै फिक्री गर्छन् ।

- के सुँगुर वा सम्पत्तिले तपाईंलाई पाप, मृत्यु र शैतानको शक्तिबाट मुक्त पार्छन् ?
- पार्दैनन् ।

- त्यो भूत लागेको मानिसले त्यसपछि येशूसँग के भन्यो ?

आउनुस् मर्कूस ५:१८-२० पद पढौं ।

18 येशू डुङ्गा मा चढ्दै हुनुहुन्थ्यो, दुष्टात्माहरूदेखि मुक्त भएको त्यस मानिसले येशूसँगै जानलाई
बिन्ती गर्यो। 19 तर येशूले त्यस मानिसलाई आफूसँग जान अनुमति दिनुभएन। येशूले भन्नुभयो,
“आफ्नो घर-परिवार र साथीहरू भएकहाँ जाऊ, प्रभूले तिम्रो निम्ति जे जति गर्नुभएकोछ, त्यस बारे
सबैलाई भन। परमेश्वरले मलाई दया गर्नु भयो भनी तिनीहरूलाई भन” 20 तब त्यो मानिस गयो
अनि त्यहाँका दश- शहरका मानिसहरूलाई येशूले गर्नु भएको महान कार्यहरूको बारेमा सुनायो।
सबै मानिसहरू चकित भए।

- येशूले किन त्यस मानिसलाई आफूसँग जाने अनुमति दिनुभएन ?
- किनभने येशूले त्यस मानिसले आफ्नो परिवार र अरू मानिसहरूलाई परमेश्वरले उसको निम्ति के गर्नुभएको थियो भन्ने कुरा प्रचार गरोस् भन्ने चाहनुहुन्थ्यो ।

- जब परमेश्वरले हामीलाई शैतान र उसका सहयोगीहरूको शक्तिबाट मुक्त पार्नुहुन्छ त्यो कुरा अरूलाई यसरी भन्नु उपयुक्त हुन्छ कि परमेश्वर तिनीहरूलाई पनि दुष्ट्याँइबाट मुक्त पार्न चाहनुहुन्छ ।

-